## के विद्यालयहरूलाई यो डाटा/विवरणमा पहुँच छ?

NHIIS मा विद्यार्थीहरूको खोपको रेकर्डहरू हेर्न स्कूल नर्सहरूलाई "read only" (अवलोकन मात्र) को विशेषाधिकारहरू छन्। यदि तपाईंको बच्चाको रेकर्ड पहिले नै NHIIS मा छ भने, कागजको प्रतिलिपि आवश्यक परेको खण्डमा आफ्नो स्कूल नर्ससँग कुरा गर्नुहोस्।

## के अन्य राज्यहरूमा इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम (IIS) छ?

इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम अन्य 49 राज्यहरूमा सञ्चालनमा छन्।

- केही राज्यहरूले IIS को जानकारी खुला गर्दछन् ताकि पूर्ण रेकर्डको कारण व्यक्ति जहाँ रहे पनि फरक नपरोस्।
- NHIIS सँग भने अझै यो सुविधा छैन, तर यो सुविधा सुचारु भएको खण्डमा, NHIIS सहभागीको विवरण अर्को राज्यको IIS सँग आदानप्रदान गर्न सकिनेछ।

## म थप जानकारी कहाँ पाउन सक्छु?

NHIIS बारे थप जान्नको लागि आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। थप जानकारी हाम्रो वेबसाइट मा उपलब्ध छ: https://www.dhhs.nh.gov/programs-services/disease-prevention/immunizations/nh-immunization-information-system

NHIIS
New Hampshire Immunization Information System

New Hampshire Immunization Program
Vaccinate for Life!
NH DEPARTMENT OF HEALTH & HUMAN SERVICES

NH DIVISION OF
Public Health Services
Department of Health and Human Services

# NHIIS

## न्यू ह्याम्प्शायर इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम

## बिरामीको लागि जानकारी



NHIIS राज्य र संघीय कोषको संयोजन मार्फत वित्त पोषित छ।

# NHIIS बारे जानकारी

## इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम (IIS) के हो?

IIS, जसलाई कहिलेकाहीं भ्याक्सिन रजिस्ट्री पनि भनिन्छ, सुरक्षित (HIPAA अनुरूप), राज्यव्यापी, वेब (अनलाइन) मा आधारित एक प्रणाली हो जसले खोप व्यवस्थापन र चिकित्सा सेवा प्रदान गर्ने सार्वजनिक क्लिनिकहरू, निजी प्रदायक कार्यालयहरू, स्थानीय स्वास्थ्य विभागहरू, विद्यालयहरू, अस्पतालहरू, र अन्य स्वास्थ्य सेवा सुविधाहरू बीच खोप विवरण आदानप्रदान र जोड्ने काम गर्दछ।

NHIIS (न्यू ह्याम्शायरको इम्म्युनाइजेसन सिस्टम) न्यू ह्याम्शायरको स्वास्थ्य तथा मानव सेवा विभाग (DHHS) र सार्वजनिक स्वास्थ्य सेवाको विभाग (DPHS) को सेवा हो। NHIIS ले व्यक्ति वा स्वास्थ्य सेवा प्रदायकलाई सुन्य शुल्कमा खोप विवरण राख्छ।

## के बिरामीहरूको लागि NHIIS मा सहभागिता अनिवार्य छ?

छैन। NHIIS मा सहभागिता स्वैच्छिक हो।

- तपाईंसँग सेवा प्रदायकलाई जानकारी गराइ आफ्नो विवरण NHIIS मा पठाउने वा नपठाउने बारे निर्णय लिने अधिकार छ। यसको लागि तपाईंलाई एउटा छुट्टै फारम भर्नुपर्ने हुन सक्छ।
- यदि तपाई ंआफ्नो विवरण खुला गर्न रोज्नुहुन्छ भने, तपाईंलाई तपाईंको/तपाईंको बच्चाको विवरण खुला गर्नको लागि स्पष्ट सहमति प्रदान गर्न आवश्यक हुनेछ र तपाईंको/तपईंको बच्चाको खोप विवरण NHIIS मा प्रविष्ट गरिनेछ।
- यदि तपाई ंखुला नगर्न रोज्नुभएको खण्डमा भने, तपाईंको विवरण NHIIS मा प्रविष्ट गरिने छैन।

## NHIIS सँग कस्ता विवरणहरू खुला गरिन्छन्?

सहभागी प्रदायकहरूद्वारा NHIIS लाई खुला गरिएको विवरणहरूमा यी कुराहरू समावेश हुन सक्छ: बिरामीको नाम, जन्म मिति, लिङ्ग, पूरा ठेगाना, खोपको नाम, निर्माता, लट नम्बर र लगाएको मिति।

## के NHIIS मा बिरामीका विवरणहरू सुरक्षित राखिन्छन्?

हो। NHIIS मा खोपको विवरण र बिरामीको गोपनियताको सुरक्षाको लागि धेरै सुरक्षा संयन्त्रहरू अपनाइएका छन्।

## बिरामीहरूका लागि NHIIS का फाइदाहरू केके हुन्?

- NHIIS ले धेरै स्वास्थ्य सेवा प्रदायकहरूबाट आएको बिरामीको खोप विवरणलाई एकल र भरपर्दो रेकर्डमा सुरक्षित रुपमा राख्दछ;
- स्वास्थ्य सेवा प्रदायकहरूले बिरामीहरूको लागि आवश्यक पर्दा खोप रेकर्डहरू छिटो र सजिलोसँग पहुँच गर्न सक्छन् (जस्तै, विद्यालयहरू, इजाजतपत्र चाइल्ड केयर सेन्टरहरू, र/वा क्याम्पको लागि आवश्यक परेको अवस्था);
- NHIIS ले खोपहरू ट्र्याक/निगरानी गर्दछ जसको कारण बिरामीहरूले आवश्यक परेको बेला मात्र आवश्यक खोपहरू पाउँछन्
- रोगको प्रकोपको अवस्थामा, NHIIS ले बिरामीलाई तुरुन्तै खोप लगाउन आवश्यक छ कि छैन भनेर पहिचान गर्न मद्दत गर्न सक्छ; र
- बिरामीले बसाइँ सराइ गरेको, प्रदायक परिवर्तन गरेको, वा बाढी, आँधी, वा रोगको प्रकोप जस्ता प्राकृतिक प्रकोपको अवस्थामा स्वास्थ्य सेवा प्रदायकहरूले बिरामीको खोपको इतिहासमा पहुँच पाउँदछन्।

## NHIIS मा कसको विवरण राख्न सकिन्छ?

NHIIS जुनसुकै उमेरका कुनै पनि व्यक्तिको लागि खोपहरू रेकर्ड गर्न प्रयोग गर्न सकिन्छ। यद्यपि, सबै स्वास्थ्य सेवा प्रदायकहरूले NHIIS मा पूर्ण रूपमा भाग लिँदैनन्।

## बिरामीहरूले आफ्नो खोपको विवरण कसरी प्राप्त गर्न सक्छन्?

यदि तपाईंले NHIIS सँग आफ्नो/आफ्नो बच्चाको खोप विवरण खुला (shared) गर्नुभएको छ भने, उक्त रेकर्ड यस प्यासेन्ट पोर्टलबाट प्राप्त गर्न सकिन्छ: https://www.vaccines.nh.gov/vaccination-record-instructions

यदि तपाईंले NHIIS सँग आफ्नो/आफ्नो बच्चाको खोप विवरण खुला (not shared) गर्नुभएको छैन भने, कृपया रेकर्डको प्रतिलिपि प्राप्त गर्न आफ्नो प्रदायकलाई सम्पर्क गर्नुहोस्।

